प्रदेश सरकार

# प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सचिव बैठक नं. १६
मितिः २०७५/०८/१६

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री भरतमणि रिजाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनञ्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री मधु ज्ञवाली | नि. सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री सागर अधिकारी | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री कृष्ण खनाल | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री नेत्र प्रसाद घिमिरे | शाखा अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय |

**निर्णयहरू**

१. **अन्तरप्रदेश परिषद् बैठकमा प्रस्तुत गरिने प्रतिवेदन सम्बन्धमा**

यही मंसीर २३ गते सम्पन्न हुन गइरहेको अन्तर प्रदेश परिषद् बैठकमा प्रदेश सरकारको तर्फबाट प्रस्तुत गरिने प्रतिवेदनका सम्बन्धमा प्रमुख सचिवले जानकारी गराउनु भयो र प्रतिवेदनमा छुट भएका तथा संशोधन हुनुपर्ने विषयहरु भए आज अपरान्ह ३ बजे सम्ममा प्रमुख सचिवलाई जानकारी गराउने।

२. **कानून तर्जुमा सम्बन्धमा**

प्रत्येक मन्त्रालयले आफ्नो प्राथमिकतामा रहेका देहाय बमोजिमका कानूनहरु मस्यौदा गरी आवश्यकता अनुसारको अन्तरक्रियाहरु सम्पन्न गरी पेश गर्ने।

**क) आर्थिक मामिला तथा योजना मन्त्रालय :** तथ्यांकसम्बन्धी ऐन।

**ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय :** छापखाना तथा प्रकाशनसम्बन्धी ऐन।

**ग) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**: औद्योगिक व्यवसायसम्बन्धी ऐन, वन ऐन, खनिज सम्पदासम्बन्धी ऐन र पर्यटन व्यवसाय सम्बन्धी ऐन।

घ) **भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**: कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन र खाद्य सुरक्षा सम्प्रभुता र गुणस्तर सम्बन्धी ऐन।

ङ) **भौतिक पूर्वाधार विकास मन्त्रालय**: यातायात व्यवस्थासम्बन्धी ऐन।

च) **सामाजिक विकास मन्त्रालय**: स्वास्थ्य संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, खेलकूद सम्बन्धी ऐन ।

३. यही मंसीर २० गते महालेखा परीक्षकको कार्यालयको आयोजनामा माननीय महालेखा परीक्षकज्यूको समुपस्थितिमा हुन गईरहेको अन्तरकृया कार्यक्रममा सबै सचिव अनिवार्य उपस्थित हुने।

४. चालू आ. व. को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा कार्यक्रमको स्वीकृती गरी/गराई मातहतका कार्यालयहरुलाई दिन बाँकी रहेका आयोजनाहरुको आर्थिक अख्तियारी यथाशक्य छिटो प्रदान गर्ने।

५. जिल्लास्तरमा स्थानीय तहका पदाधिकारी वा प्रतिनिधिहरुलाई आमन्त्रण गरी प्रदेश सरकारका तर्फबाट संचालन गरिने कार्यक्रमहरुको समयबारे मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई जानकारी गराउने र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले मन्त्रालयहरुबीच समन्वय गरी स्थानीय तहका पदाधिकारी वा प्रतिनिधिलाई पटक-पटक सदरमुकाम आउनु नपर्ने गरी कार्यक्रम आयोजना गर्न सहजीकरण गर्ने।